मानेभन्ज्याङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

पत्र संख्याः- ०८०/८१
च.नं.:-

मितिः २०८०/०८/१८

## मानेभन्ज्याङ गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता -२०८० सञ्चालन सम्बन्धी सूचना ।

चालु शैक्षिक सत्र २०८० मा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित अध्ययनरत छात्र/छात्राहरूबीच आ-आफ्नो समूहमा स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता - २०८० अन्तर्गत मानेभन्ज्याङ गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको मिति २०८०/०८/१६ गतेको निर्णयानुसार मिति २०८०/०९/०४ गते देखि २०८०/०९/०६ गते सम्म मानेभन्ज्याङको माथिल्लो र तल्लो खेल मैदानमा देहाय अनुसार राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन हुने भएकाले प्रतियोगितामा सहभागि हुन राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (चौथो संशोधन सहित) को अनुसूची -१ अनुसार फाराम भरी मिति २०८०/०९/०३ गते दिनको ४ बजेभित्र सहभागी खेलाडीहरूको विवरण पेश गर्नुहुन सम्बन्धित विद्यालयहरूलाई यसै सूचना मार्फत अनुरोध गरिन्छ । साथै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुने विद्यार्थीले भर्नुपर्ने अनुसूची -१ अनुसारको फारमको ढाँचा यसै साथ संलग्न गरिएको छ ।

देहायः

१. भलिबलः छात्र र छात्रा दुवै तर्फ

२. कबड्डीः छात्र र छात्रा दुवै तर्फ

३. एथ्लेटिक्सः

क) दौड (ट्रयाक) तर्फः

छात्रः १०० मि, २०० मि, ४०० मि, ८०० मि, १५०० मि, ३००० मि, ४ X १०० मि. रिले, ४ X ४०० मि. रिले

छात्राः १०० मि, २०० मि, ४०० मि, ८०० मि, १५०० मि, ३००० मि, ४ X १०० मि. रिले, ४ X ४०० मि. रिले

ख) उफ्रने र फ्याक्ने (फिल्ड) तर्फः

छात्रः हाइजम्प, लङजम्प, ट्रिपलजम्प, ज्याभलिङ्ग थ्रो ८०० ग्राम, सटपुट १२ पाउण्ड

छात्राः हाइजम्प, लङजम्प, ट्रिपलजम्प, ज्याभलिङ्ग थ्रो ६०० ग्राम, सटपुट ८ पाउण्ड

४. ऐच्छिक खेलतर्फः एकल ब्याडमिन्टन प्रतियोगिता (प्रति विद्यालय १/१ जना छात्र/छात्रा तर्फ सहभागी गराउन सक्ने तर प्रतियोगिताको लागि ऐच्छिक खेलको अंक गणना हुने छैन) ।

नोटः

१) एथ्लेटिक्स इभेन्ट्सका प्रत्येक खेलाडीले वढिमा एक फिल्ड र दुई ट्रयाक वा दुई फिल्ड एक ट्रयाकमा भाग लिन पाउने छन् ।

क्रमश........

छविलाल राई
प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्या:- ०८०/८१

च.नं.:-

मिति: २०८०/०८/१८

२) प्रत्येक विद्यालयले भलिबल र कबड्डी खेलतर्फ बढिमा ९/९ जनासम्म खेलाडी छात्र/छात्राहरू पठाउन सक्नेछन् ।

३) चालु शैक्षिक सत्र २०८० मा मानेभन्ज्याङ गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूमा कक्षा १२ सम्म नियमित रूपमा अध्ययनरत रहेका १८ वर्ष मुनिका विद्यार्थीहरू मात्र प्रतियोगितामा सहभागि हुन पाउने छन् ।

४) अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा पदक विजेता खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराइने छैन ।

५) प्रतियोगितामा सहभागी हुनको लागि खेलाडीहरूको जन्म दर्ताको सक्कलै प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

६) खेलाडीको नाम दर्ता गर्नु पूर्व अनिवार्य रूपमा खेलाडीको दुर्घटना वीमा गरेको हुनुपर्नेछ ।

६) प्रतियोगिता सम्बन्धी अन्य व्यवस्था राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (चौथो संशोधनसहित) अनुसार हुनेछ ।

बोधार्थ: श्री सूचना तथा प्रविधि शाखा: वेवसाइट तथा फेसबुक पेजमा अपलोड गर्नुहुन् ।

..........................

छविलाल राई

प्रमुख प्रशासकीय अधिकृत

१.

# मानेभन्ज्याङ गाउँपालिका,ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

अनुसूची - १

## सहभागी हुन भर्नुपर्ने फारमको ढाँचा

(दफा ९ को उपदफा (१) र उपदफा (६), दफा १२ को उपदफा (१) र दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

## प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारम

(१) सहभागी विद्यार्थीको नाम: फोटो

(२) विद्यालयको नाम र ठेगाना:

(३) क) शै.स. २०८० मा अध्ययनरत कक्षा: ख) विद्यालयको इमिस कोड:

ग) विद्यार्थीको इमिस कोड नं:

(४) जन्म मिति:

(५) सहभागी हुने खेल:

(६) सहभागी विद्यार्थीको हस्ताक्षर:

उल्लेखित बेहोरा ठीक साँचो हो । उल्लेखित विवरण भएको विद्यार्थी खेलाडी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका-२०७० (चौथो संशोधन सहित) को मापदण्ड विपरित र अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक विजेता खेलाडी नभएको बेहोरा प्रमाणित गर्ने:

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्थ सचिवको | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नाम: | नाम: | नाम: | नाम: |
| हस्ताक्षर: | हस्ताक्षर: | हस्ताक्षर: | हस्ताक्षर: |
| मिति: | मिति: | मिति: | मिति: |
| मोबाइल नं: | मोबाइल नं: | मोबाइल नं: | मोबाइल नं: |
| विद्यालयको छाप: | समितिको छाप: | समितिको छाप: | समितिको छाप: |

नोट: विद्यार्थीको फोटोमा मुखाकृति नबिग्रिने गरी सम्बन्धित प्रधानाध्यापकले प्रमाणित गर्नुपर्नेछ । खेलाडीको जन्म दर्ताको प्रमाण पत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

छबिलाल राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner